# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, असोज ८ गते, २०८३ साल (सङ्ख्या ११

## भाग २

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना

### गण्डकी प्रदेश बालबालिका सम्बन्धी नियमावली, २०८३

प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

#### परिच्छेद-१

#### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश बालबालिका सम्बन्धी नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले जिल्लास्थित बालबालिका सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(घ) "बालक्लब" भन्नाले यस नियमावली बमोजिम खोलिएका बाल सञ्जाल, बालसमूह, बालक्लब वा संस्था लगायतका बालबालिकाका समूह समेतलाई सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा १० को उपदफा ५ मा उल्लिखित व्यवस्था बमोजिम यस नियमावलीको नियम ४ बमोजिम गठन भएको प्रदेश बाल परिषद्लाई सम्झनु पर्छ ।

(च) "विशिष्टीकृत" भन्नाले अपाङ्गता भएका, कानून बमोजिम श्रम गर्न योग्य भएका बाल श्रमिक र संस्थागत संरक्षणमा रहेका बालबालिका समेतलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश बाल परिषद्, बाल सञ्जाल वा संस्था

३. **जिल्ला बालक्लब सञ्जाल गठनः** (१) कार्यालयले प्रत्येक जिल्लामा एक जिल्ला बालक्लब सञ्जाल गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव एक/एक जना र प्रत्येक स्थानीय तहबाट प्रतिनिधित्व गर्ने बालबालिका एक/एक जना सदस्य रहनेछन् ।

(३) उपनियम (२) बमोजिमका अध्यक्ष, उपाध्यक्ष, सचिव र सह-सचिव पदमा कम्तीमा २ जना बालिका हुनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सञ्जाल गठन गर्दा कार्यालयले स्थानीय तहहरुसँग समन्वय गरी स्थानीय तहमा दर्ता भएका बाल समूह, बालक्लब वा

संस्थाबाट पचास प्रतिशत बालिका सहित जिल्लास्थित सबै स्थानीय तहको सहभागीता रहने गरी जिल्ला भित्रकै पायक पर्ने स्थानमा जिल्ला बाल भेला गरी जिल्ला बालक्लब सञ्जाल गठन गर्नेछ ।

(५) उपदफा (३) बमोजिम भेला गराउँदा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको सामाजिक तथा साँस्कृतिक विविधता समावेश हुने गरी बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ।

(६) जिल्ला बालक्लव सञ्जालको कार्यकाल २ वर्षको हुनेछ ।

(७) यस नियमावली अनुसार गठित जिल्ला बाल क्लब सञ्जालका पदाधिकारी नियम ४ बमोजिमको बाल परिषद्को पदाधिकारीमा नियुक्त भएमा निजको जिल्ला बालक्लब सञ्जालको पद स्वतः रिक्त हुनेछ।रिक्त रहेको पदमा सञ्जालले आवश्यक निर्णय गरी पदपुर्ति गर्न सक्नेछ ।

(८) उपनियम ७ बमोजिम जिल्ला बाल क्लव सञ्जालबाट प्रदेश बाल परिषद्मा छनौट भएर आउने पदाधिकारी जिल्ला बाल क्लव सञ्जालको आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

(९) एक पटक बालक्लब सञ्जालको पदाधिकारी नियुक्त भएको बालबालिका पुन अर्को कार्यकालको लागि नियुक्त हुन सक्ने छैन ।

(१०) जिल्लास्तरीय बालक्लब सञ्जालका कार्यहरु देहाय अनुसार हुनेछन्:-

(क) बालबालिकाको हक, अधिकारको प्रवर्द्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने,

(ख) विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) बाल संरक्षण सम्बन्धी सचेतनामूलक कार्य गर्ने,

(घ) बालविवाह, बालश्रम, मानव वेचविखन तथा ओसारपसार, बाल दुर्व्यसन, घरेलु हिंसा तथा बालबालिका माथि हुने सवै प्रकारका हिंसा, शोषण, विभेद, विद्युतीय अपराध, असमानता पारिवारिक विखण्डन लगायतका गतिविधिहरुबाट प्रभावित भएका

बालबालिकाको उद्दार, राहत र संरक्षणको लागि सम्बन्धित निकायमा सूचना दिने र पैरवी गर्ने,

(ङ) बालबालिका तथा समुदायको हित प्रर्वद्धनात्मक कार्य गर्ने,

(च) सदस्यहरुको नेतृत्व तथा व्यक्तित्व विकासको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(छ) जिल्ला स्तरमा बालअधिकारको प्रचार प्रसार तथा प्रवर्द्धन र बाल संरक्षण सम्वन्धी कार्यहरु गर्न गराउन, बालमैत्री योजना तर्जुमा गर्न स्थानीयस्तरका बालसञ्जालहरुसँग समन्वय गर्ने,

(ज) प्रत्येक आर्थिक वर्षको फागुन मसान्त भित्र बालबालिकासँग सम्बन्धित नीति तथा कार्यक्रमहरु प्राथमिकिकरण गरी प्रदेश बालपरिषद्, जिल्ला बाल अधिकार समिति, स्थानीय तह र जिल्ला समन्वय समिति समक्ष पेस गर्ने,

(झ) जिल्लामा भएका बालक्लब तथा बालसञ्जालहरुको अवस्था सम्बन्धीका विवरणहरु तथा जिल्ला बालक्लब सञ्जालले गरेका गतिविधिहरुको अभिलेखीकरण गरी कार्यालय, जिल्ला बाल अधिकार समिति र प्रदेश बाल परिषद् पेस गर्ने,

(११) जिल्ला स्तरीय बालक्लव सञ्जालको सचिवालय जिल्ला स्थित कार्यालयमा रहनेछ।

४. **<u>प्रदेश बाल परिषद् गठनः</u>** (१) प्रदेशमा एक प्रदेश बाल परिषद् रहनेछ ।

(२) प्रदेश बाल परिषद् गठन प्रदेश बाल भेलाबाट हुनेछ र बाल भेलाको समन्वय र सहजीकरण बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयले गर्नेछ।

(३) उपनियम (२) बमोजिमको बाल भेलामा जिल्ला स्तरीय बालक्लब सञ्जालबाट कम्तीमा १ जना बालिका र १ जना अपाङ्गता भएका बालबालिका सहित ३ जनाको प्रतिनिधित्व हुनेछ ।

(४) प्रदेश बाल भेलाले देहाय वमोजिमका पदाधिकारी रहेको प्रदेश बाल परिषद् गठन गर्नेछः-

(क) अध्यक्ष १ जना
(ख) उपाध्यक्ष १ जना
(ग) सचिव १ जना
(घ) सहसचिव १ जना
(ङ) सदस्य -प्रत्येक जिल्लाबाट १/१ जना

(५) प्रदेश बाल परिषद्का पदाधिकारीहरुमध्ये अध्यक्ष, उपाध्यक्ष, सचिव र सह-सचिव पदमा कम्तीमा २ जना बालिका र १ जना अपाङ्गता भएका बालबालिका सहित सामाजिक समावेशीकरणको सुनिश्चितता गर्नुपर्नेछ ।

(६) गण्डकी प्रदेश बाल परिषद्को कार्यकाल २ वर्षको हुनेछ ।

(७) एक पटक प्रदेश बाल परिषद्को पदाधिकारी भएको बालबालिका पुन नियुक्त हुन सक्ने छैन ।

(८) प्रदेश बाल परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ ।

५. **गण्डकी प्रदेश बाल परिषद्को काम, कर्तव्य र अधिकार:** (१) प्रदेश बाल परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेशस्तरमा बालअधिकारको प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्य गर्ने,

(ख) पदाधिकारीहरुको नेतृत्व तथा व्यक्तित्व विकासको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ग) गण्डकी प्रदेश सरकारबाट तर्जुमा हुने योजनामा बालबालिकाको तर्फबाट सामूहिक धारणा राख्ने,

(घ) प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त भित्र बालबालिकासँग सम्बन्धित नीति तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी मन्त्रालय र प्रदेश बाल अधिकार समिति समक्ष पेस गर्ने,

(ङ) जिल्लामा भएका बालक्लब र बालसञ्जालहरुको अवस्था सम्बन्धी विवरणहरु, जिल्ला बालक्लब सञ्जालले गरेका गतिविधिहरु र परिषद्का विवरणहरुको अभिलेखीकरण गरी मन्त्रालय र प्रदेश बाल अधिकार समिति समक्ष पेस गर्ने,

(च) बाल अधिकार प्रवर्द्धनका गतिविधि सञ्चालनका लागि बाल क्लब सञ्जाल बिच कार्यालय मार्फत समन्वय गर्ने,

(छ) बालबालिकाका सवालहरु पहिचान गरी सम्वन्धित निकायको ध्यानाकर्षण गर्ने,

(२) परिषद्का क्रियाकलाप सञ्चालन गर्दा पदाधिकारीको नियमित पठनपाठनमा बाधा नपुग्ने गरी गर्नुपर्नेछ ।

६. **<u>बैठक सम्वन्धी व्यवस्थाः</u>** (१) परिषद्को बैठक सम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछः-

(क) परिषद्को बैठक वर्षमा कम्तीमा ३ पटक अनिवार्य तथा आवश्यकता अनुसार बस्नेछ ।

(ख) बैठक यथासम्भव विद्युतीय माध्यमबाट गर्न सकिनेछ ।

(ग) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(घ) वैठकमा गणपुरक सङ्ख्या ५१ प्रतिशत पुगेको हुनुपर्नेछ भने बैठकको निर्णय सम्भव भए सम्म सहमतिमै गर्नु पर्नेछ ।

(२) यस नियम बमोजिम हुने परिषद्को बैठकको सहजीकरण र खर्च व्यवस्थापन मन्त्रालयले गर्नु पर्नेछ ।

(३) विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्था, बालक्लव, परिषद लगायतले आयोजना गर्ने कार्यक्रममा बालबालिकालाई सहभागी गराउँदा अभिभावकको लिखित आवश्यक पर्नेछ ।

(४) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने कार्यक्रममा बालबालिकालाई पारिश्रमिक दिई वा नदिई स्वयंसेवक/प्रशिक्षकको रुपमा खटाउँदा वा सहभागी गराउँदा विद्यालय।पठनपाठनलाई असर पुग्ने गरी सञ्चालन गर्न पाइनेछैन ।

७. **<u>परिषद् र सञ्जालका पदाधिकारीको पद रिक्त हुने अवस्थाः</u>**- देहायको अवस्थामा परिषद् र सञ्जालका पदाधिकारीहरुको पद रिक्त हुनेछः-

(क) उमेर १८ वर्ष पुरा भएमा,

(ख) राजीनामा दिएमा,

(ग) लगातार ५ वटा बैठकमा अनुपस्थित भएमा,

(घ) कुनै राजनीतिक दलसँग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र विरोध गरेमा,

(ङ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदायको बीच सु सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुत कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकुल हुने गरी कुनै कार्य गरेमा,

८. **आर्थिक कारोवार गर्न नपाउने:** ऐन तथा यस नियमावली बमोजिम दर्ता भएका बालक्लब वा संस्थाले कुनै पनि किसिमको आर्थिक कारोवार, चन्दा र लेनदेन सम्बन्धी कार्य गर्न पाउने छैनन् ।

९. **शुल्क तथा दस्तुर नलाग्ने:** यस नियमावली बमोजिम बालक्लब वा संस्थाको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क वा दस्तुर लाग्ने छैन ।

१०. **आवश्यक व्यवस्था गर्न सक्ने:** बालक्लब वा परिषद् प्रभावकारी सञ्चालन तथा काम कारवाहीलाई थप व्यवस्थित गर्न मन्त्रालय, कार्यालय र स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ३
## निगरानी कक्ष

११. **निगरानी कक्षको सञ्चालन र व्यवस्थापन:** (१) कसुरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनका लागि नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश सरकारले छुट्टै बालमैत्री निगरानी कक्षको स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निगरानी कक्षको स्थापना नभएसम्मका लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै बालमैत्री कक्षको स्थापना गरिनेछ ।

(३) उपनियम (१) बमोजिम स्थापना हुने निगरानी कक्षमा अन्य कुराका अतिरिक्त देहाय बमोजिमको न्यूनतम सेवा सुविधा उपलब्ध गराउनुपर्नेछः-

(क) स्वच्छ पिउने पानी तथा पोषणयुक्त खाना,

(ख) बालबालिकालाई बस्नको लागि कुर्सी तथा सुत्नको लागि ओढ्ने, ओछ्याउने कपडा मौसम अनुसारका लगाउने लत्ताकपडा सहितको उपयुक्त व्यवस्था,

(ग) झ्याल ढोका सहितको पर्याप्त हावा र प्रकाशको लागि उचित व्यवस्था,

(घ) सेनेटरी प्याड लगायत स्वास्थ्य सुरक्षा सामग्री, शौचालय र सरसफाइको व्यवस्था,

(ङ) भौगोलिक अवस्था तथा मौसम अनुसारको अन्य उपयुक्त व्यवस्था,

(च) सादा पोशाकका प्रहरी कर्मचारीबाट सुरक्षा गर्ने व्यवस्था,

(छ) मनोसामाजिक परामर्श दिने व्यवस्था,

(ज) अभिभावक तथा संरक्षकलाई नियमित भेटघाटको व्यवस्था,

(झ) पर्याप्त अध्ययन तथा खेलकुद सामग्रीको व्यवस्था,

(४) उपनियम (३) बमोजिमको सेवा सुविधा उपलब्ध भए नभएको सम्वन्धमा मन्त्रालय, प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश बाल अधिकार समितिले कार्ययोजना बनाई अनुगमन तथा आकस्मिक निरीक्षण गर्न सक्नेछ।

१२. **<u>दिशान्तर सम्बन्धी व्यवस्थाः</u>** ऐनमा उल्लेखित व्यवस्थाका अतिरिक्त दिशान्तर सम्बन्धी अन्य व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम हुनेछ ।

## परिच्छेद ४
## बालबालिकाको विशेष संरक्षण

१३. **उच्चतम हित निर्धारण प्रकृयाः** बालकल्याण अधिकारी वा बाल अदालतले ऐनको दफा १६ को उपदफा ३ बमोजिम निर्णय गर्दा उच्चतम हित निर्धारण गर्ने प्रकृयाका आधार देहाय बमोजिम हुनेछन्:-

(क) निजको जीवन रक्षा सुनिश्चित हुने व्यवस्था,

(ख) बालबालिकालाई उपलब्ध अवसर मध्ये अधिकतम् अवसर प्राप्त हुन सक्ने व्यवस्था,

(ग) बालबालिकाको धारणा र स्वेच्छापूर्ण सहमति,

(घ) बालबालिकाको धर्म संस्कृति भाषा पहिचान समुदाय र पारिवारिक सन्निकटता कायम रहने व्यवस्था,

(ङ) बाल कल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको आर्थिक सामाजिक र पारिवारिक अवस्था हेरि निर्धारण गरेका अन्य आधार,

१४. **विशेष संरक्षणः** प्रदेश सरकार र स्थानीय तहले ऐनको दफा ७ कों उपदफा (४) र दफा २८ को उपदफा (१) मा उल्लेखित विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई देहाय बमोजिमका सेवा उपलब्ध गराई विशेष संरक्षणको व्यवस्था गर्नुपर्नेछः-

(क) आपत्कालीन उद्धार तथा संरक्षण,
(ख) मनोसामाजिक परामर्श,
(ग) पारिवारिक परामर्श तथा सहयोग,
(घ) कानूनी परामर्श तथा सहायता,
(ङ) शैक्षिक सहयोग,
(च) सिपमूलक तालिम,
(छ) सामाजिक संरक्षण,
(ज) बाल हेल्पलाइन सेवा सञ्चालन,
(झ) खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापमा सहभागिता

१५. **अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षणः** प्रदेश सरकार तथा स्थानीय तहले आपसी समन्वयमा अपाङ्गता भएका बालबालिकालाई अपाङ्गता सम्बन्धी प्रचलित कानून बमोजिम विशेष संरक्षणको व्यवस्था गर्नेछन्।

## परिच्छेद ५
## बालबालिकाको वैकल्पिक हेरचाह

१६. **वैकल्पिक हेरचाहको व्यवस्थाः** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई निजको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा बालबालिकाको उच्चतम हित सुनिश्चित हुने गरी बालकल्याण अधिकारीको सिफारिसमा सम्बन्धित स्थानीय बाल अधिकार समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनुपर्नेछ।साथै बालबालिकाको वैकल्पिक हेरचाहका विषयमा जिल्लास्थित बालबालिका क्षेत्र हेर्ने कार्यालयले समन्वय तथा सहकार्य गर्नेछ ।

(२) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको लागि प्रदेश सरकारबाट सञ्चालित जिल्ला सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्रले आवश्यक प्रवन्ध गर्न सक्नेछ। साथै आवश्यकता अनुसार प्रदेश सरकारले संघ सरकार तथा स्थानीय तहसँगको समन्वय र साझेदारमा बालहेल्पलाइन नम्बर १०९८ जिल्ला सेवा केन्द्र मार्फत सञ्चालन गर्न सक्नेछ।

(३) प्रदेश सरकारले छुट्टै बालगृह वा संरक्षण केन्द्र स्थापना गर्न सक्नेछ ।

१७. **वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना दिनु पर्नेः** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका बारे आमाबाबु, संरक्षक, परिवारको सदस्य, तथा जानकारी पाउने शिक्षक, छरछिमेकी तथा अन्य कुनै व्यक्ति, संस्था तथा निकायले आफूले थाहा पाएसम्मको जानकारी सहित सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीलाई सूचना दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे लिखित वा मौखिक रूपमा सूचना दिन सकिनेछ ।

(३) नजिकको प्रहरी कार्यालय, जिल्ला स्थित महिला तथा बालबालिका सेवा केन्द्र, प्रदेश सरकारद्वारा सञ्चालित हिंसा प्रभावितहरुको लागि अल्पकालीन आश्रयसहितको सेवा केन्द्र, गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र, बालबालिका खोजतलास सेवा केन्द्र र बाल हेल्पलाइन सेवाले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सूचना पाएमा तत्कालै त्यसबारे सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीलाई सूचना दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना पाएपछि सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीले त्यस्तो सूचनाबारे अभिलेख किताबमा उल्लेख गरी रेकर्ड राख्नु पर्दछ ।

(५) सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीले त्यहाँको बाल अधिकार समितिसँग छलफल गरी प्राप्त सूचनाको आधारमा कुनै बालबालिकाको तत्काल उद्धार गर्न आवश्यक देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था मिलाउनु पर्छ ।

१८. **बालबालिकाको परिवारको खोजी गर्नु पर्नेः** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना प्राप्त भएपछि वा उनीहरूलाई उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा राखेपछि स्थानीय तहको बालकल्याण अधिकारी र स्थानीय बालअधिकार समितिसँग समन्वय गरी निज बालबालिकाको बाबुआमा, परिवार वा संरक्षकको खोजी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खोजी गर्दा बाबुआमा, परिवार वा संरक्षक पत्ता लागेमा सम्बन्धित स्थानीय तहको बालकल्याण अधिकारीले त्यहाँको समाजसेवीलाई बाबुआमा, परिवार वा संरक्षक अवस्था, बालबालिकाको हेरचाह र पालनपोषणको स्थिति समेतको लेखाजोखा गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको लेखाजोखा समेतको आधारमा सम्बन्धित स्थानीय तहको समाजसेवीले निज बालबालिकाको हेरचाहको आमाबाबु वा परिवारमा पुनर्मिलन गराउने वा अन्य उपयुक्त विकल्प सिफारिस गर्न सक्नेछ ।

१९. **अभिलेख राख्नु पर्नेः** बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकासँग सम्बन्धित स्थानीय तहबाट जारी भएको ऐन र प्रचलित कानूनमा उल्लेख भए अनुसारका कागजात तथा विवरण सुरक्षित राख्नु पर्नेछ । साथै वार्षिक रुपमा सो को विवरण जिल्ला बाल अधिकार समिति मार्फत प्रदेश मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

## परिच्छेद ६

## बाल गृहको स्थापना तथा सञ्चालन

२०. **बाल गृहको स्थापना तथा सञ्चालनः** (१) ऐनको दफा ३१ (२) बमोजिम स्थापना हुने बालगृहले सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दर्ता भई मन्त्रालयबाट बालगृह सञ्चालनको अनुमति लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालनको अनुमतिका लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम बालगृह सञ्चालनको लागि अनुमति लिन चाहने संस्थाले देहाय  बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम नाफा रहित सामाजिक संस्थाको रुपमा दर्ता भएको,

(ख) संस्थाको विधानमा बालगृह सञ्चालन गर्ने उद्देश्य समावेश भएको,

(ग) कम्तीमा २० जना बालबालिकालाई संरक्षण तथा सेवा प्रदान गर्न सक्ने बालमैत्री भौतिक पूर्वाधार र संरचना भएको

(घ) मन्त्रालयले तोके बमोजिमको आर्थिक स्रोतको सुनिश्चितता तथा आवश्यक जनशक्तिको व्यवस्था भएको,

(ङ) आवश्यकता अनुसार राष्ट्रिय बाल अधिकार परिषद्बाट अनुमति प्राप्त गरेको,

(च) ऐनको दफा ३६ बमोजिम बाल संरक्षण सम्बन्धी मापदण्ड भएको,

(छ) संस्थाको सञ्चालकको देहाय बमोजिमको योग्यता पूरा भएको:-

१. नेपाली नागरिक,
२. कम्तीमा २५ वर्ष उमेर पूरा भएको,
३. आधारभूत तहको शिक्षा हासिल गरेको,
४. बालबालिकाका क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव भएको,
५. बाल अधिकार, बाल संरक्षण तथा बालकल्याण कार्यमा कम्तीमा ७ दिन सम्मको अभिमुखिकरण तालिम प्राप्त गरेको,
६. नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार नठहरिएको,
७. उच्च नैतिक चरित्र भएको,
८. आफ्नो जीविकोपार्जनको लागि छुट्टै आय आर्जनको स्रोत भएको ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँच तथा स्थलगत अध्ययन गर्दा बालगृह सञ्चालनको अनुमति दिन उपयुक्त देखिएमा मन्त्रालयले अनुसूची २ अनुसार अनुमति दिन सक्नेछ ।

(५) बालगृह सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण गराउनुपर्नेछ । बालगृह सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले नवीकरणका लागि अनुसूची ३ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(६) बालगृह सञ्चालन सम्वन्धि अन्य ब्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **बाल गृहको न्यूनतम मापदण्ड:** (१) बालगृह सञ्चालन गर्ने संस्थाले अनुसूची ४ बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(२) यस नियमावली बमोजिमको मापदण्ड नुपगेको पाइएमा मन्त्रालयले बढीमा तीन महिनाको अवधि राखी मापदण्ड पूरा गर्न निर्देशन दिन सक्नेछ र सो अवधिमा संस्थाले मापदण्ड पूरा नगरेमा अनुमति खारेज गरी सो बालगृहमा आश्रित बालबलिकालाई नजिकैको अर्को मापदण्ड पुगेको बालगृहमा स्थानान्तरण गर्न सक्नेछ ।

२२. **बालबालिकाको सामाजिक पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन:** (१) बालगृहले बालबालिका अठार वर्ष उमेर पूरा भइसकेपछि स्वतन्त्र रुपमा वस्न सक्ने गरी

त्यस्ता बालबालिकालाई सामाजिक पुनर्स्थापना वा पारिवारिक पुनर्मिलन गराउन आवश्यक पहल गर्नु पर्नेछ ।

(२) बालगृहले बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको सर्वोत्तम हित हुने देखिएमा ऐनमा उल्लेख भए बमोजिमका आधारमा पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ ।

(३) पारिवारिक पुनर्मिलन गराउँदा बालगृहले सम्बन्धित बाबु आमा वा अभिभावकसँग बालबालिका बुझिलिएको कागज र पुनः बालगृहमा नपठाउने कबुलियतनामा समेत गराउनु पर्नेछ।

(४) बालगृहले १६ वर्ष उमेर पूरा गरेका बालबालिकालाई पारिवारिक पुनर्मिलन गराउनुपूर्व बालबालिकाको रुचि र क्षमता अनुसार जीवनोपयोगी तथा व्यवसायिक सिप विकास तालिम प्रदान गर्नसक्नेछ।

(५) बालगृहले अठार वर्ष उमेर पुगेका सोही बालगृहका बालबालिकालाई रोजगारी दिएमा नियुक्ति, पारिश्रमिक, सेवा र सुविधा समेतको प्रत्याभूति हुने गरी व्यवस्था गर्नुपर्नेछ।

(६) बालगृहमा रहेका बालबालिका अठार वर्ष उमेर पूरा भएपछि स्वतन्त्र रुपमा वस्न चाहेमा बालगृहले स्वतन्त्र वसोवासका लागि सहयोग गर्न सक्नेछ ।

२३. **बाल गृहको अनुगमन तथा निरिक्षणः** (१) मन्त्रालय, मन्त्रालय मातहतका जिल्लास्थित बालबालिका हेर्ने कार्यालय र प्रदेश तथा जिल्ला बाल अधिकार समितिले आवश्यकता अनुसार बालगृहको अनुगमन तथा आकस्मिक निरीक्षण गरी आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको सुझाव तथा निर्देशनको पालना गर्नु सम्बन्धित बालगृहको कर्तव्य हुनेछ।

## परिच्छेद ७

## प्रदेश तथा जिल्ला बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

२४. **प्रदेश बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा ४० मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाल अधिकारको संरक्षण प्रवर्द्धन र विकासका लागि वार्षिक कार्यक्रम तर्जुमा गर्न मन्त्रालयलाई सहयोग गर्ने,

(ख) प्रदेश सरकारले जारी गरेका बालबालिकासँग सम्बन्धित नीति तथा कानूनको कार्यान्वयनका लागि समन्वय तथा सहकार्य गर्ने

(ग) बालबालिकासँग सम्बन्धित नीति तथा कानूनको कार्यान्वयन स्थितिको आवधिक समिक्षा गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्ने,

(घ) प्रदेश बाल अधिकार समिति, प्रदेश बाल परिषद, जिल्ला बाल अधिकार समितिको क्षमता विकास, स्थानीय बाल अधिकार समिति गठन, बालप्रदेश बाल कोष स्थापना, बालकल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बाल मनोविज्ञको व्यवस्था गर्न र बालबालिका सम्बन्धी एकिकृत कार्यविधि तथा बाल संरक्षण मापदण्ड निर्माणका लागि स्थानीय तहसँग आवश्यक समन्वय, सहजीकरण तथा क्षमता विकासका कार्यक्रमहरु तर्जुमाका लागि सहयोग गर्ने,

(ङ) जिल्ला बाल अधिकार समितिमा रहने मन्त्रालयले तोक्ने र मनोनयन गर्ने अध्यक्ष र सदस्यहरुको नामावली मन्त्रालय समक्ष सिफारिस गर्ने।

(२) प्रदेश बाल अधिकारको सचिवालय मन्त्रालयमा हुनेछ ।

२५. **<u>जिल्ला बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** जिल्ला बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार ऐनको दफा ४२ का अतिरिक्त देहायबमोजिम हुनेछः

(क) बालबालिका सम्बन्धी नीति, योजना तथा कार्यक्रम सम्बन्धमा स्थानीय तहहरुलाई आवश्यक सुझाव दिने,

(ख) जिल्लाभित्र बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवा तथा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा आवश्यकता अनुसार निरीक्षण र अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र प्रदेश बाल अधिकार समितिमा पेस गर्ने,

(ग) जिल्लामा बाल अधिकारको प्रचार प्रसार र बाल संरक्षण सम्बन्धी कार्य,

(घ) स्थानीय तहहरुमा स्थानीय बाल अधिकार समिति, बालकल्याण अधिकारी, जिल्ला बालक्लव सञ्जालको क्षमता विकास तथा स्थानीय बाल अधिकार समितिको गठन, प्रदेश बाल कोष स्थापना तथा बालकल्याण अधिकारीको

व्यवस्था, समाजसेवी तथा बाल मनोविज्ञको व्यवस्था, एकीकृत कार्यविधि, बाल संरक्षण मापदण्डका सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण तथा क्षमता विकास गर्ने।

(ङ) बाल संरक्षण प्रणालीको सुदृढीकरणका साथै बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अन्तरपालिका तथा अन्तर जिल्लागत समन्वय तथा सहजीकरण गर्ने ।

(च) सम्बन्धित जिल्लाको निगरानी कक्षको नियमित अनुगमन तथा निरीक्षण गर्ने ।

(छ) जिल्लाभित्र सञ्चालित बालगृहमा रहेका बालबालिकाहरुको जन्मदर्ता र नागरिकता प्राप्तिको विषयमा सम्बन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्ने ।

(ज) मन्त्रालयले तोकेको ढाँचामा आफ्नो जिल्लाभित्रको बालबालिकासँग सम्बन्धित स्थिति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र प्रदेश बाल अधिकार समिति मार्फत मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

(झ) मन्त्रालय र प्रदेश बाल अधिकार समितिबाट निर्देशित अन्य कार्य गर्ने, गराउने ।

२६. **<u>जिल्ला बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(३) कुल सदस्य सङ्ख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२७. **<u>जिल्ला बाल अधिकार समितिको सचिवालयः</u>** समितिको सचिवालय कार्यालयमा रहनेछ ।

## परिच्छेद ८

## <u>प्रदेश बाल कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग</u>

२८. **<u>प्रदेश बाल कोषको खाता सञ्चालनः</u>** (१) ऐनको दफा ४३ मा रहेको प्रदेश बाल कोषलाई आवर्ति (रिभल्विङ्ग) प्रदेश बाल कोषको रुपमा मन्त्रालयले स्थापना गर्नेछ।

(२) प्रदेश बाल कोषको खाता प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रहनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन मन्त्रालयले गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको खाता सञ्चालनको सम्बन्धमा मन्त्रालयको लेखा उत्तरदायी अधिकृत जिम्मेवार र जवाफदेही हुनेछ ।

२९. **प्रदेश बाल कोषको प्रयोग:** प्रदेश बाल कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, राहात, क्षतिपूर्ति र पुनर्स्थापना गर्न,

(ख) कानुनी सहायता

(ग) जिविकोपार्जनका लागि पारिवारिक सहयोग

(घ) शैक्षिक सहायता

(ङ) स्वास्थ्य उपचार सहयोग

(च) प्रदेश बाल अधिकार समितिले औंल्याएका बालबालिकाको हक हित र संरक्षण लगायतका अन्य आवश्यक कार्यमा खर्च गर्न।

३०. **प्रदेश बाल कोषको लेखा र लेखा परिक्षण:** (१) प्रदेश बाल कोषको आय व्ययको लेखा नेपाल सरकारको प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रदेश बाल कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३१. **जानकारी गराउनु पर्ने:** प्रदेश बाल कोषबाट भएको खर्चका सम्बन्धमा वार्षिक रुपमा प्रदेश बाल अधिकार समितिलाई जानकारी गराउनुपर्नेछ।

## परिच्छेद ९
## विविध

३२. **वैठकको सेवा सुविधा:** ऐन तथा यस नियमावली बमोजिम गठित समितिका पदाधिकारी तथा सदस्यहरुले प्रचलित कानून बमोजिम यातायात तथा वैठक भत्ता पाउनेछन् ।

३३. **छाप र लेटरप्याड सम्बन्धी व्यवस्थाः** ऐन र यस नियमावली बमोजिम गठित समिति, परिषद् र सञ्जालको छाप तथा लेटरप्याडको व्यवस्था अनुसूची ५ बमोजिम हुनेछ ।

३४. **समितिका सदस्यहरुको परिचय पत्र सम्बन्धी व्यवस्थाः** ऐन र यस नियमावली बमोजिम गठित समिति, परिषद् र सञ्जालका पदाधिकारीहरुको परिचयपत्रको ढाँचा अनुसूची ६ बमोजिम हुनेछ ।

३५. **प्रतिवेदनः** ऐनको दफा ३८ को उपदफा (४) बमोजिमको विवरणको ढाँचा अनुसूची ७ बमोजिम हुनेछ।

३६. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

३७. **खारेजी र बचाउः** बालक्लव गठन तथा परिचालन मापदण्ड, २०७८ खारेज गरिएको छ र सो मापदण्ड बमोजिम भएका कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची १

(नियम २० को उपनियम (२) सँग सम्बन्धित)

## बालगृह सञ्चालन अनुमतिको लागि दिइने निवेदनको ढाँचा

**मितिः-**

श्री ..............................मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल ।

विषयः- बालगृह सञ्चालनको अनुमति पाउँ ।

...........प्रदेश..........जिल्ला .........गाउँपालिका/नगरपालिका/महानगरपालिका वडा नं. ....स्थित यस ........................संस्था बालबालिकाको संरक्षण तथा पालनपोषण गर्न इच्छुक भएकोले बैकल्पिक हेरचाहको लागि बालगृह (अस्थायी संरक्षण सेवा प्रदान गर्ने बालगृह/दीर्घकालीन संरक्षण सेवा प्रदान गर्ने बालगृह) संस्था सञ्चालन अनुमति प्रदान गरिदिनुहुन देहाय बमोजिमका कागजातहरु संलग्न गरी अनुरोध गर्दछु।

संलग्न कागजातहरु

संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
संस्थाको विधानको प्रतिलिपि
संस्थाको नवीकरणको प्रतिलिपि
संस्थाको करचुक्ता/करछुट प्रमाणपत्रको प्रतिलिपि
समाजकल्याण परिषद्मा आवद्धता गरिएको आवद्धता प्रमाणपत्रको प्रतिलिपि
स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि
संचालकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
बालबालिकाको शिक्षा हेरचाह आदिका लागि सहयोग रहेको भए सहयोग गर्ने व्यक्ति वा संस्थासँग गरेको सम्झौताको प्रतिलिपि
संस्थाको आफ्नै भवन जग्गा भए जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा भाडामा भए घरभाडा सम्झौताको प्रतिलिपि
सञ्चालन अनुमति माग गर्ने सम्बन्धमा संस्थाको कार्यसमितिबाट भएको वैठकको निर्णयको प्रतिलिपि
संस्थाबाट सञ्चालन भएका वा हुने कार्यको विवरण, संस्थाको क्षमता र सुविधा
स्थानीय तहको सिफारिस पत्र
लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपि
बालबालिकाको व्यक्तिगत विवरण
बाल संरक्षण कार्ययोजना/मापदण्ड
बैंक ग्यारेन्टीको विवरण
संस्थाले प्रदान गर्नुपर्ने सेवा सुविधा र संरक्षणको प्रत्याभूति सम्बन्धमा अन्य आवश्यक कागजातहरु

निवेदकको:-
दस्तखत:-
नाम:-
पद:-
सम्पर्क नं.
संस्थाको छाप:-

## अनुसूची २

(नियम २० को उपनियम (४) सँग सम्बन्धित)

**बालगृह सञ्चालन अनुमति पत्रको ढाँचा**

गण्डकी प्रदेश सरकार

...............................मन्त्रालय

कास्की पोखरा नेपाल ।

संस्था दर्ता नं. .......                    बालगृह सञ्चालन अनुमतिपत्र नं.

बालगृह/परिवारमा आधारित हेरचाह गर्ने संस्थाको सञ्चालन अनुमतिपत्र

................प्रदेश.............जिल्ला..............गाउँपालिका/नगरपालिका/महानगरपालिका वडा नं.........स्थित कार्यालय रहेको श्री ............................संस्थालाई देहायको परिवारमा आधारित हेरचाह गर्ने संस्था/बालउहको सञ्चालन गर्नको लागि गण्डकी प्रदेश बालबालिका सम्बन्धी नियमावली, २०८३ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

बैकल्पिक हेरचाहको प्रकारः-

१ परिवारमा आधारित हेरचाह गर्ने

२ बालगृह सञ्चालन गर्ने (क) अस्थायी संरक्षण सेवा प्रदान गर्ने

(ख)दीर्घकालीन संरक्षण सेवा प्रदान गर्ने

अनुमति प्रदान गर्ने अधिकारीको

दस्तखतः-

नामः-

पदः-

मितिः-

संस्थाको छापः-

पुनश्चः यो सञ्चालन अनुमतिपत्र हरेक आर्थिक वर्षमा नियमानुसार नवीकरण गर्नुपर्नेछ ।

अनुमतिपत्रको पछाडि

| नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |

नोटः वैकल्पिक हेरचाहको प्रकारमध्ये अनुमति दिएको प्रकारलाई मात्र उल्लेख गरी अनुमति पत्र प्रदान गर्ने ।

<u>अनुसूची ३</u>

<u>(नियम २० को उपनियम (५) सँग सम्बन्धित)</u>

**<u>बालगृहको अनुमति नवीकरण निवेदनको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

...............................मन्त्रालय

कास्की पोखरा नेपाल ।

संस्था दर्ता नं. .......                    बालगृह सञ्चालन अनुमतिपत्र नं.

<u>विषयः बालगृह सञ्चालनको अनुमति नवीकरण गरिपाउँ ।</u>

................प्रदेश............जिल्ला.............गाउँपालिका/नगरपालिका/महानगरपालिका वडा नं.........टोल...........स्थित कार्यालय रहेको यस .......................... संस्थाले विगत .................... वर्षदेखि बालगृह सञ्चालन गरिरहेकोले गण्डकी प्रदेश बालबालिका सम्बन्धी नियमावली २०८३ बमोजिम नवीकरणको लागि देहाय बमोजिमका कागजात संलग्न गरी अनुरोध गर्दछु ।

**संलग्न कागजातः**

१. संस्थाको विधान संशोधन भएमा सोको प्रतिलिपि
२. संस्था दर्ता प्रमाणपत्र (एक आर्थिक वर्ष अघिको नवीकरण सहित) को प्रतिलिपि
३. सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. बालबालिकाको शिक्षा हेरचाह आदिका लागि सहयोग रहेको भए सहयोग गर्ने व्यक्ति वा संस्थासँग गरेको सम्झौताको प्रतिलिपि
५. घर भाडामा लिई संस्था सञ्चालन गरेको भए घरभाडा सम्झौता पत्र
६. संस्थाबाट सञ्चालन भएका वा हुने कार्यहरुको विवरण बालगृहको क्षमता सुविधा र बालबालिकाको शैक्षिक प्रगति सम्बन्धी गुणात्मक तथा सङ्ख्यात्मक विवरण सहितको बालबालिका सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन
७. स्थानीय तह परिवर्तन गरेको भएमा सम्बन्धित स्थानीय तहको सिफारिस
८. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
९. सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपि
१०. बालबालिकाको व्यक्तिगत विवरण

११. बाल संरक्षण कार्ययोजना वा मापदण्ड
१२. बैंक ग्यारेन्टीको विवरण
१३. संस्थाले प्रदान गर्नुपर्ने सेवा सुविधा र संरक्षणको प्रत्याभूति सम्बन्धमा मन्त्रालयले अन्य कागजात

निवेदकको:

दस्तखतः

संस्थाको छाप

नामः

पदः

सम्पर्क नः

## अनुसूची ४

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

### बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड

१. कम्तीमा बीस जना बालबालिका राख्न सक्ने मन्त्रालयले तोके बमोजिमको बाल मैत्री भौतिक पूर्वाधार तथा संरचना भएको,

२. बालक, बालिका र लैङ्गिक तथा यौनीक अल्पसङ्ख्यक बालबालिकालाई सुरक्षीत सँग छुट्टाछुट्टै राख्न सक्ने भौतिक पूर्वाधार मानवीय तथा आर्थिक स्रोत भएको,

३. बालबालिकालाई आश्रय दिने, खानपिन, पालनपोषण गर्ने, स्वास्थ्य उपचार गर्ने,उचित शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने क्षमता भएको,

४. बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनका सुविधाहरु उपलब्ध गराउन सक्ने स्रोत तथा साधनको व्यवस्था भएको,

५. आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रबन्ध गर्नुका साथै आवश्यकता अनुसार बाल गृहमा पढाउने शिक्षकको व्यवस्था गरिएको र विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा तथा सिप विकासको अवसर दिलाउन सक्ने क्षमता भएको,

६. आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक, साहित्यिक र साँस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्न सक्ने भएको,

७. बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्द्धन गराएको वा गराउने क्षमता भएको,

८. बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्न सक्ने भएको,

९. बाल गृहका पदाधिकारी, कर्मचारीहरुलाई बाल अधिकार र बाल संरक्षण बारे तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्न सक्ने भएको,

१०. मन्त्रालयले तोकेको वैयक्तिक विवरण फाराममा बालबालिकाको विवरण अनिवार्य रुपमा भरी व्यवस्थापक वा सञ्चालकबाट प्रमाणित गरी सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

११. बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

१२. बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार सुसार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था भएको,

१३. असहाय, अशक्त र अपाङ्ग भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनुका साथै उनीहरुको हेरचाह र स्याहार सुसार गर्ने उचित व्यवस्था मिलाउन सक्ने क्षमता भएको,

१४. बाल गृहमा आश्रित बालबालिकाहरुको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने क्षमता भएको,

१५. संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गरेको,

१६. बाल गृहमा रहेका बालबालिकाले प्राप्त गर्ने सेवा सुविधा र निजहरुको संरक्षण सम्बन्धमा मन्त्रालयले तोकेको अन्य आवश्यक मापदण्ड।

## अनुसूची ५

(नियम ३३ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

**प्रदेश बाल परिषद्\जिल्ला बाल अधिकार समिति\जिल्ला बाल क्लब सञ्जाल**

**.. .. .. ......................**

**स्थापनाः २०७९**

**अनुसूची ६**

(नियम ३४ सँग सम्बन्धित)

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

**प्रदेश बाल परिषद्\जिल्ला बाल अधिकार समिति\जिल्ला बाल क्लव सञ्जाल**

**.. .. .. ......................**

**स्थापनाः २०७९**

नाम थरः

पदः

रक्त समूहः

सम्पर्क नः

परिचय पत्र कायम रहने अवधिः ............देखि............सम्म

हस्ताक्षरः ...........................

प्रमाणित गर्ने

अध्यक्ष

परिषद/समिति/सञ्जाल

## अनुसूची- ७

(नियम ३५ सँग सम्बन्धित)

### हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति,संरक्षक वा संस्था/बालगृहले स्थानीय बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिमा पेस गर्नुपर्ने बालबालिका सम्बन्धी अर्धवार्षिक र वार्षिक प्रतिवेदनको ढाँचा

प्रतिवेदन तयार गर्ने - स्थानीय बाल अधिकार समिति..............गाउँपालिका/नगर पालिका/महानगरपालिका, जिल्ला बाल अधिकार समिति.................जिल्ला

विवरण पेस गरेको आर्थिक वर्षः-

विवरण पेस गरेको अवधिः- अर्धवार्षिक/वार्षिक

**१. संरक्षणमा लिइएका बालबालिकाको व्यक्तिगत तथा आधारभूत विवरण**

| क्र.सं. | कोड नं. | उमेर | जातिगत विवरण | लिङ्ग | जन्म मिति | स्थायी ठेगाना खुल्ने भएमा | | | जन्मदर्ता/नागरिकता भएको/नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जिल्ला | स्थानीय तह | वडा नं. | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**२. संरक्षणमा लिइएका बालबालिका तथा परिवारको सामाजिक तथा पारिवारिक अवस्था**

| क्र.सं. | कोड नं. | परिवारमा रहेका सदस्य सङ्ख्या | एकल परिवार/संयुक्त परिवार | अभिभावकको आम्दानीको स्रोत | आर्थिक अवस्था | संरक्षकसँगको नाता खुलाउने | अन्य भए खुलाउने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**३. बालबालिका व्यक्ति/संरक्षक/ संस्था/बालगृहको संरक्षणमा आउनुको कारणः**

| क्र.सं. | कोड नं. | कारण (प्रदेश बालबालिका सम्बन्धी ऐनको दफा २८ को ..........खण्ड) | अन्य भए खुलाउने |
|---|---|---|---|

४. **संरक्षणमा लिइएका बालबालिकाको शिक्षा सम्बन्धी विवरणः**

| क्र.सं. | कोड नं. | अध्ययनरत कक्षा | विद्यालय को नाम र ठेगाना | उपस्थित अवस्था (नियमित/अनियमित) | शैक्षिक सहायता/छात्रवृत्ति आवश्यक पर्ने/नपर्ने | अन्य भए खुलाउने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

५. **संरक्षणमा लिइएका बालबालिकाको स्वास्थ्य तथा पोषण सम्बन्धी विवरणः**

| क्र.सं. | कोड नं. | उमेरगत स्वास्थ्य अवस्था | | अपाङ्गता भएको/नभएको | नियमित स्वास्थ्य परीक्षण भएको/नभएको | पछिल्लो पटक स्वास्थ्य परीक्षण गरेको मिति | अन्य भए खुलाउने |
|---|---|---|---|---|---|---|---|
| | | उमेरगत तौल | उमेरगत उचाई | | | | |
| | | | | | | | |

६. **संरक्षणमा लिइएका बालबालिकाको संरक्षण तथा सुरक्षा अवस्थाः**

| क्र.सं. | कोड नं. | विगतमा हिंसा/दुर्व्यवहारमा परेको/नपरेको | मनोसामाजिक सहायताको आवश्यकता पर्ने/नपर्ने | कानुनी उपचारको प्रक्रियामा रहेको/नरहेको | संरक्षणमा आउनु अगाडि आश्रय लिएको भए सोको विवरण (प्रहरी, बालबालिका खोजलतास केन्द्र १०४,बाल हेल्पलाइन नम्बर १०९८, जिल्ला सेवा केन्द्र लगायत) | अन्य भए खुलाउने |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**७. संरक्षणमा लिइएका बालबालिकाको लागि बालगृहले भर्नुपर्ने थप विवरणः**

| क्र.सं. | कोड नं. | संरक्षणमा लिएको मिति | संरक्षणमा लिँदाको उमेर | हालको उमेर | बालक बालिका | बसाइ अवधि | हेरचाहकर्ता | जन्मदर्ता/नागरिकता भएको/नभएको | जन्मदर्ता नभएको भए सोको कारण/समस्या | जन्म दर्ता गर्नका लागि बालगृहबाट गरिएका समाधान | बालगृह सञ्चालकको नाम र सम्पर्क नं. | अन्य भए खुलाउने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | को प्रयास | | |
| | | | | | | | | | | | | |

**८. संरक्षणमा लिइएका बालबालिकाको पुनर्स्थापनाको अवस्थाः**

| क्र. सं. | कोड नं. | बालगृहले परिवारमा पुनर्स्थापना गरेका बालक/बालिका सङ्ख्या | पुनर्स्थापना गरेको मिति | पुनर्स्थापना पश्चात् हाल बालगृहमा रहेका बालबालिका सङ्ख्या | पुनर्स्थापना हुन नसकेका बालबालिका सङ्ख्या | पुनर्स्थापनामा देखिएका समस्या | पुनर्स्थापनाका लागि बालगृहले गरेका प्रयासहरु | अन्य भए खुलाउने |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**९. संरक्षणमा लिइएका बालबालिकाको समग्र खण्डीकृत विवरणः**

| सूचक | बालक | बालिका | अन्य | जम्मा |
|---|---|---|---|---|
| ०–५ वर्ष | | | | |
| ६–१० वर्ष | | | | |
| ११–१४ वर्ष | | | | |
| १५–१८ वर्ष | | | | |

| | | | | |
|---|---|---|---|---|
| अपाङ्गता भएका | | | | |
| कुल | | | | |

नोटः-

क. हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति,संरक्षक वा संस्था/बालगृहले उल्लेखित विवरण अर्धवार्षिक र वार्षिक रुपमा भरी स्थानीय बाल अधिकार समिति र जिल्ला बाल अधिकार समितिमा पेस गर्नु पर्नेछ ।

ख. खण्ड (क) बमोजिम प्राप्त हुन आउने विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले वार्षिक रुपमा जिल्ला बाल अधिकार समिति र प्रदेश बाल अधिकार समिति समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

ग. खण्ड (ख) बमोजिम प्राप्त विवरणको आधारमा जिल्ला बाल अधिकार समितिले अर्धवार्षिक र वार्षिक रुपमा प्रदेश बाल अधिकार समिति समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

आज्ञाले,
डा. शेषनारायण पौडेल
प्रदेश सरकारको सचिव